# राष्ट्रिय समावेशी आयोग

## सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरेको विवरण

### आ.व. ०८२/०८३ (२०८३ बैशाख देखि असार मसान्तसम्म)

### १. आयोगको स्वरुप र प्रकृति

खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवम् सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रुपले विपन्न वर्ग लगायतका समुदायको हक अधिकारको संरक्षण र सशक्तीकरण गर्ने सम्बन्धमा नेपालको संविधान भाग २७ अन्तर्गत धारा २५८ मा राष्ट्रिय समावेशी आयोगको व्यवस्था भएको छ । आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने र राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रिय समावेशी आयोगको अध्यक्ष तथा सदस्यको नियुक्ती गर्ने व्यवस्था रहेको छ । अध्यक्ष र सदस्यको पदावधी ६ वर्षको हुने व्यवस्था छ । हाल आयोगमा अध्यक्ष र एक जना सदस्य गरी २ जना पदाधिकारीको दरबन्दी रिक्त रहेको छ। नेपालको संविधानमा भएको व्यवस्था अनुसार गठन भएको यस आयोगमा देहाय बमोजिम पदाधिकारीहरू कार्यरत छन् ।

**माननीय कार्यवाहक अध्यक्ष — हरि दत्त जोशी**

**माननीय सदस्य — पुष्प राज तिमिल्सिना**

**माननीय सदस्य — मान प्रसाद खत्री**

आयोगको कार्यालय श्रीमहल, पुल्चोक, ललितपुरमा रहेको छ ।

### २. आयोगको काम कर्तव्य र अधिकार

राष्ट्रिय समावेशी आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा नेपालको संविधान को धारा २५९ र राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ को दफा ३ मा उल्लेख भए बमोजिम देहाय बमोजिम रहेको छ।

- नेपालको संविधानको धारा २५९ (१) बमोजिम राष्ट्रिय समावेशी आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. खस आर्य, पिछडा वर्ग, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवम् सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रुपले विपन्न वर्ग लगायतका समुदायको हक अधिकारको संरक्षणका लागि अध्ययन तथा अनुसन्धान गर्ने,

ख. खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको समावेशीकरणका लागि नेपाल सरकारले अवलम्बन गरेको नीति तथा कानूनको कार्यान्वयन अवस्थाको अध्ययन गरी सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने,

ग. खण्ड (क) मा उल्लेखित समुदाय, वर्ग र क्षेत्रको राज्य संयन्त्रमा उचित प्रतिनिधित्व भए नभएको अध्ययन गरी त्यस्तो समुदाय, वर्ग र क्षेत्रको प्रतिनिधित्वका लागि गरिएको विशेष व्यवस्थाको पुनरावलोकन गर्न नेपाल सरकारलाई सुझाव दिने,

घ. खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको संरक्षण सशक्तीकरण र विकास सन्तोषजनक भए नभएको अध्ययन गरी भविष्यमा अवलम्बन गर्नु पर्ने नीतिको सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

ङ. कर्णाली र पिछडिएको क्षेत्रको विकास र समृद्धिका लागि अवलम्बन गर्नु पर्ने नीति र कार्यक्रमको सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

च. अल्पसंख्यक तथा सीमान्तीकृत समुदाय सम्बन्धी कानूनमा समयानुकुल परिमार्जनका लागि सिफारिस गर्ने,

छ. अल्पसंख्यक तथा सीमान्तीकृत समुदायका लागि प्रत्याभुत हक अधिकारको कार्यान्वयन स्थिति अनुगमन गरी आवधिक रुपमा हुने राष्ट्रिय जनगणना तथा मानव विकास सूचकांक सम्बन्धी प्रतिवेदनको आधारमा आवश्यक पुनरावलोकन गरी परिमार्जनका लागि सिफारिस गर्ने ।

- नेपालको संविधानको धारा २५९ (२) मा आयोगले अधिकार प्रत्यायोजन गर्न सक्ने व्यवस्था छ। जस अनुसार राष्ट्रिय समावेशी आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कुनै कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।
- संविधानको धारा २५९ मा उल्लेखित आयोगको काम, कर्तव्य र अधिकारका अतिरिक्त **“राष्ट्रिय समावेशी आयोग ऐन, २०७४”** को दफा ३ अनुसार देहाय बमोजिम हुनेछः

क. खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवम् सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णालीमा बसोबास गर्ने तथा आर्थिक

रुपले विपन्न वर्ग लगायतका समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने,

ख. आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

ग. खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रभित्र आर्थिक वा सामाजिक रुपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

घ. खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

ङ. खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो वर्ग वा समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

च. खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रमा विद्यमान सवै प्रकारको शोषणको अन्त्य गर्न कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

छ. खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई निर्देशन दिने,

ज. खण्ड (क) मा उल्लिखित वर्ग, क्षेत्र र समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

झ. खण्ड (क) मा उल्लिखित वर्ग, क्षेत्र र समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सुचिकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

ञ. खण्ड (क) मा उल्लिखित वर्ग, क्षेत्र र समुदायका सन्दर्भमा लिइने नीति, कार्यक्रम तथा निर्णयका सम्बन्धमा नेपाल सरकार र अन्य संघ संस्थाहरूसँग आवश्यक समन्वय गर्ने,

ट. अध्यक्ष, सदस्य तथा आयोगका कर्मचारीको लागि आचारसंहिता बनाई लागु गर्ने वा गराउने,

ठ. आयोगको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने ।

राष्ट्रिय समावेशी आयोग
पुल्चोक, ललितपुर

## ३. आयोगमा कार्यरत कर्मचारी

राष्ट्रिय समावेशी आयोगको सचिवालयमा नेपाल सरकारका राजपत्रांकित प्रथम श्रेणीको कर्मचारी सचिवको रुपमा रहने व्यवस्था छ । यस आयोगमा हालको स्थायी एवम् आस्थायी स्वीकृत दरबन्दी कर्मचारीको पदपूर्तिको अवस्था देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | पद/श्रेणीको विवरण | स्थायी एवम् अस्थायी | स्वीकृत दरबन्दी | कार्यरत कर्मचारीको संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | आयोग सचिव (सहसचिव/राजपत्राङ्कित प्रथम श्रेणी) | स्थायी | १ | १ | |
| २ | उपसचिव/राजपत्राङ्कित द्वितीय श्रेणी | स्थायी | १ | १ | |
| ३ | शाखा अधिकृत/राजपत्राङ्कित तृतीय श्रेणी | स्थायी | २ | २ | |
| ४ | नायव सुब्बा/रा.प.अनं. प्रथम श्रेणी | स्थायी | २ | २ | |
| ५ | लेखापाल/रा.प. अनं. प्रथम श्रेणी | स्थायी | १ | १ | |
| ६ | कम्प्यूटर अपरेटर/रा.प.अनं. प्रथम श्रेणी | स्थायी | १ | १ | |
| ७ | निजी सहायक/रा.प.अनं. प्रथम श्रेणी (करार) | अस्थायी | ५ | ० | नेपाल सरकारको मिति २०८२/०६/०५ गतेको निर्णय कार्यान्वयन |
| | हलुका सवारी चालक (स्थायी) | स्थायी | २ | २ | १ जना करार मा कार्यरत र १ जनाको सचिवज्यूले सवारी चालकको सुविधा लिएको हुँदा। |
| ८ | हलुका सवारी चालक (करार) | अस्थायी | ५ | २ | २ रिक्त (१ सदस्य र १ अध्यक्ष रिक्त भएको भएर) (करार) |
| | कार्यालय सहयोगी | स्थायी | ३ | ३ | सेवा करार बाट |
| ९ | कार्यालय सहयोगी (करार) | अस्थायी | ३ | २ | १ रिक्त (अध्यक्ष र सदस्य रिक्त भएको) हुँदा) |
| १० | स्वीपर (करार) | अस्थायी | १ | १ | सेवा करार |
| | जम्मा | | २७ | १८ | |

यस आयोगको संगठन संरचना अनुसुची–१ मा संलग्न रहेको छ ।

## ४. आयोगबाट गरिने मुख्य कार्यहरु

क. खस आर्य, पिछडा वर्ग, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवं सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रुपले विपन्न वर्ग लगायतका समुदायको संरक्षण सशक्तीकरण र विकास सन्तोषजनक भए नभएको अध्ययन गरी भविष्यमा अवलम्बन गर्नु पर्ने नीतिको सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

ख. अल्पसंख्यक तथा सीमान्तीकृत समुदाय सम्बन्धी कानूनमा समयानुकुल परिमार्जनका लागि सिफारिस गर्ने,

ग. अल्पसंख्यक तथा सीमान्तीकृत समुदायका लागि प्रत्याभुत हक अधिकारको कार्यान्वयन स्थिति अनुगमन गरी आवधिक रुपमा हुने राष्ट्रिय जनगणना तथा मानव विकास सूचकांक सम्बन्धी प्रतिवेदनको आधारमा आवश्यक पुनरावलोकन गरी परिमार्जनका लागि सिफारिस गर्ने ।

घ. खस आर्य, पिछडा वर्ग, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवं सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णालीमा बसोबास गर्ने तथा आर्थिक रुपले विपन्न वर्ग लगायतका समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने,

ङ. उल्लिखित समुदाय, वर्ग र क्षेत्रभित्र आर्थिक वा सामाजिक रुपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,


च. उल्लिखित समुदाय, वर्ग र क्षेत्रको भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

छ. उल्लिखित समुदाय, वर्ग र क्षेत्रको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो वर्ग वा समुदायको सशक्तीकरणको लागि चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने,

ज. उल्लिखित समुदाय, वर्ग र क्षेत्रमा विद्यमान सबै प्रकारको शोषणको अन्त्य गर्न कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

झ. उल्लिखित वर्ग, क्षेत्र र समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

## ५. आयोगबाट सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी




## ६. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधि

आयोगबाट निर्धारित सेवा प्राप्त गर्न कुनै दस्तुर लाग्दैन । कुनै सूचना माग भएमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सुचनाको हक सम्बन्धी नियमावली, २०६५ मा व्यवस्था भए बमोजिम हुनेछ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

निर्णय गर्ने प्रक्रिया:

- आयोगको निर्णय "राष्ट्रिय समावेशी आयोग बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७५" बमोजिम हुने गरेको ।
- सचिवालयको कार्यसम्पादन सम्बन्धी निर्णयहरु प्रचलित कानून र सरकारी निर्णय प्रक्रिया सरलिकरण निर्देशिका, २०६५ बमोजिम हुने गरेको ।

निर्णय गर्ने अधिकारी:

- विषयको प्रकृति अनुसार आयोगको कार्यवाहक अध्यक्ष र आयोगको सचिव ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

आयोगको कार्य क्षेत्र सँग सम्बन्धित विषयमा कसैले आयोगमा उजुरी दिएमा आयोगले दर्ता गरी कारवाहीको लागी सम्बन्धित निकायमा पठाउने व्यवस्था छ।

## ९. आयोगले सम्पादन गरेको कार्यको विवरण:

### क. आयोगको बैठक तथा निर्णय

| क.स. | बैठक संख्या | निर्णय संख्या | निर्णय सम्बन्धी विषयहरु |
|---|---|---|---|
| १ | जम्मा बैठक संख्या ४ (चार) | ४ (चार) | "पिछडिएको वर्गको पहिचानका आधारहरू निर्धारण सम्बन्धी अध्ययन" शीर्षकको मस्यौदा प्रतिवेदन सम्बन्धमा संलग्न बमोजिमको यस आयोगको राय, सुझाव तथा पृष्ठपोषण नीति अनुसन्धान प्रतिष्ठानमा प्रेषित गर्ने। |
| | | | यस आयोगको बैठकमा छलफल भई तयार भएका नेपालको संविधानमा गर्नुपर्ने सुधार र संशोधनका प्रस्तावसाथ संलग्न सुझावहरू प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत संविधान संशोधन बहसपत्र तयार गर्ने कार्यदल २०८२ को सचिवालयमा प्रेषित गर्ने। |
| | | | यस आयोगबाट अध्ययन भई तयार भएको अपाङ्गता भएका व्यक्तिको वर्गीकरणका आधार र राज्यमा पहुँचको स्थितिसम्बन्धी अध्ययन प्रतिवेदन र आयोगबाट नेपाल सरकारलाई सुचीकरणका लागि सिफारिस भएको खस आर्यको (गोत्र सहित/गोत्र बाहेक) तथा पिछडा वर्गको थरहरूको सूची छुट्टाछुट्टै दुई वटा प्रकाशन गर्ने। |
| | | | यस आयोगको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत परामर्शदाताबाट प्राप्त भएका ६ (वटा) बिषयका अध्ययन प्रतिवेदनहरू आयोगबाट स्वीकृत तथा स्वामित्व ग्रहण गर्ने। |

### ख. छलफल तथा अन्तरक्रिया

#### १.स्थानिय पहुँच कार्यक्रम

खप्तडछान्ना गाउँपालिका-बझाङ, अमरगढी नगरपालिका-डडेलधुरा, जोरायल गाउँपालिका-डोटी, रूपा गाउँपालिका-कास्की, जलजला गाउँपालिका-पर्वत, मनहरी गाउँपालिका वडा नं. ४-हाडीखोला मकवानपुर, गोरखा नगरपालिका वडा नं. ११-बाह्रकिलो गोरखा,

#### २. केन्द्र/प्रदेशस्तरमा अन्तरक्रिया तथा छलफल कार्यक्रम

- सामाजिक विकास मन्त्रालय बागमती प्रदेश, हेटौंडा।
- लक्षित वर्गसँग केन्द्रीयस्तरको छलफल तथा अन्तरक्रिया कार्यक्रम राष्ट्रिय समावेशी आयोगको सभाहल, पुल्चोक ललितपुर।

३. अध्ययन सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रम

- पिछडिएको क्षेत्रको आर्थिक सम्भाव्यता, सभ्यता र कला संस्कृति सम्बन्धी अध्ययन विषयको छलफल तथा अन्तरक्रिया कार्यक्रम वित्थडचिर गाउँपालिका, बझाङ।
- लोपोन्मुख अभौतिक साँस्कृतिक संरक्षण क्षेत्रका लागि आवश्यक मापदण्ड तथा आधार निर्धारण सम्बन्धी अध्ययन विषयको स्थानीय स्तरमा छलफल तथा अन्तरक्रिया कार्यक्रम मनहरी गाउँपालिका वडा नं. ४, हाडीखोला मकवानपुर र गोरखा नगरपालिका वडा नं. ११, बाह्रकिलो गोरखा।
- नेपालमा खस आर्यको संस्कृति संरक्षण सम्बन्धी अध्ययन विषयको छलफल तथा अन्तरक्रिया कार्यक्रम रूपा गाउँपालिका, कास्की।
- नेपालमा यौनिक अल्पसंख्यकको विद्यमान अवस्था र सशक्तीकरणका उपायहरू पहिचान सम्बन्धी अध्ययन विषयको स्थानीयस्तरमा छलफल तथा अन्तरक्रिया कार्यक्रम भरतपुर मा.न.पा वडा नं. २ र ३ चितवन।

४. विज्ञ सँग अन्तरक्रिया तथा छलफल कार्यक्रम

- पिछडिएको क्षेत्र पहिचानका आधार तथा मापदण्ड सम्बन्धी विषयमा विज्ञहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम राष्ट्रिय समावेशी आयोगको सभाहल, पुल्चोक ललितपुर।

## ग. सचिवस्तरीय अध्ययन समितिको बैठक तथा अन्य छलफल

| क्र.सं. | बैठक संख्या | निर्णय संख्या | निर्णय सम्बन्धी विषयहरू |
|---|---|---|---|
| १ | ६ (छ) | ६ (छ) | परामर्शदाता विज्ञले पेश गरेको विशेष संरक्षण क्षेत्रका लागि आवश्यक मापदण्ड तथा आधार निर्धारण सम्बन्धी अध्ययन विषयको प्रारम्भिक प्रतिवेदन (Inception Report) मा छलफल गरी समितिले दिएका सुझावहरूलाई अध्ययनको प्रतिवेदनमा समेट्ने निर्णय। |
| | | | परामर्शदाता विज्ञले पेश गरेको आर्थिक रूपले विपन्न वर्गको पहिचानका आधार र मापदण्ड सम्बन्धी अध्ययन विषयको मस्यौदा प्रतिवेदनमा छलफल गरी समितिले दिएका सुझावहरूलाई अध्ययनको अन्तिम प्रतिवेदनमा समेट्ने निर्णय। |
| | | | आयोगको कार्यक्षेत्रसँग सम्बन्धित विषयवस्तुमा आधारित रेडियो नेपालबाट प्रसारण भएका श्रृंखला १ देखि श्रृंखला ८ सम्मका समावेशी आवाज रेडियो कार्यक्रमको समीक्षा गर्दै आगामी श्रृंखलाहरूमा प्रसारण हुने विषयवस्तुहरू चयन गर्ने निर्णय। |
| | | | परामर्शदाता विज्ञले पेश गरेको नेपालमा खस आर्यको संस्कृति संरक्षण सम्बन्धी अध्ययन विषयको मस्यौदा |

| क्र.सं. | बैठक संख्या | निर्णय संख्या | निर्णय सम्बन्धी विषयहरू |
|---|---|---|---|
| | | | प्रतिवेदनमा छलफल गरी समितिले दिएका सुझावहरूलाई अध्ययनको अन्तिम प्रतिवेदनमा समेट्ने निर्णय। |
| | | | परामर्शदाता विज्ञले पेश गरेको पिछडिएको क्षेत्रको आर्थिक सम्भाव्यता, सभ्यता र कला संस्कृति सम्बन्धी अध्ययन विषयको मस्यौदा प्रतिवेदनमा छलफल गरी समितिले दिएका सुझावहरूलाई अध्ययनको अन्तिम प्रतिवेदनमा समेट्ने निर्णय। |
| | | | परामर्शदाता विज्ञले पेश गरेको विशेष संरक्षण क्षेत्रका लागि आवश्यक मापदण्ड तथा आधार निर्धारण सम्बन्धी अध्ययन विषयको मस्यौदा प्रतिवेदनमा छलफल गरी समितिले दिएका सुझावहरूलाई अध्ययनको अन्तिम प्रतिवेदनमा समेट्ने निर्णय। |

घ. समावेशी आयोगसँग रेडियो कार्यक्रम (रेडियो नेपालमा बिहान ७:२५ बजेदेखि ७:४० बजेसम्म १५ मिनेट समावेशी आवाज कार्यक्रम प्रसारण) विभिन्न विषयमा १३ वटा एपिसोड प्रशारण भएको छ। उक्त कार्यक्रमको प्रशारण विवरण देहाय बमोजिमको रहेको छ।

| क्र.सं. | बिषय | मिति | बिषय बिज्ञ |
|---|---|---|---|
| १ | राष्ट्रिय समावेशी आयोग स्थापनाको उद्देश्य र नेपालमा समावेशीकरणको अवस्था भूमिका समस्या र चुनौती बिषयमा | २०८३/०१/०४ | डा. रामकृष्ण तिमिल्सेना |
| २ | कृषिमा समावेशीताको सवाल, किसानको अवस्था र सरोकार | २०८३/०१/११ | राजेन्द्र कोईराला (उपमहानिर्देशक) कृषि विभाग |
| ३ | कृषि उत्पादन र किसानहरूको जिवनस्तरमा सुधार ल्याउन सम्बन्धित क्षेत्रको प्रयास | २०८३/०१/१८ | पदमलाल भण्डारी कृषि विज्ञ |
| ४ | नेपालमा श्रमिकहरूको अवस्था र उनीहरूको हकअधिकारसँग सम्बन्धित विषयमा | २०८३/०१/२५ | रमेश बडाल (बरिष्ठ अधिवक्ता) |
| ५ | अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित | २०८३/०२/०१ | दुर्गा कुमारी दाहाल (उपसचिव) महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय |
| ६ | समावेशी शिक्षा | २०८३/०२/०८ | शालिकराम भुसाल (निर्देशक) |

| क्र.सं. | बिषय | मिति | बिषय बिज्ञ |
|---|---|---|---|
| | | | पाठ्यक्रम विकास केन्द्र |
| ७ | खस आर्य समुदाय | २०८३/०२/१५ | मा. सदस्य मान प्रसाद खत्री (राष्ट्रिय समावेशी आयोग) |
| ८ | कर्णाली क्षेत्रमा बसोबास गर्ने | २०८३/०२/२२ | मा. सदस्य पुष्पराज तिमिल्सिना (राष्ट्रिय समावेशी आयोग) |
| ९ | ज्येष्ठ नागरिक | २०८३/०२/२९ | निर्मला कार्की (शाखा प्रमुख, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय) |
| १० | संविधानको मूल मर्म अनुसार संवैधानिक आयोगहरूको भूमिका सुधारका सम्भावना र समावेशी लोकतन्त्रको भावी कार्यदिशा | २०८३/०३/०५ | बरिष्ठ अधिवक्ता राधेश्याम अधिकारी (पूर्व सांसद, राष्ट्रिय सभा) |
| ११ | राजनीतिक समावेशीता | २०८३/०३/१२ | सुमन घिमिरे (सुचना अधिकारी) निर्वाचन आयोग |
| १२ | निजामती सेवामा समावेशीता | २०८३/०३/१९ | श्रवण कुमार पोखरेल (महानिर्देशक) राष्ट्रिय किताबखाना |
| १३ | राष्ट्रिय समावेशी आयोगका लक्षित वर्ग समुदायको हक अधिकार, आयोगको सिफारिस कार्यान्वयन लगायतका विषयमा | २०८३/०३/२६ | राधिका अर्याल (सचिव) (महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय) |

**ङ. समावेशी आयोगसँग टेलिभिजन कार्यक्रम (नेपाल टेलिभिजनमा ४० मिनेटको समावेशी सवाल कार्यक्रम प्रसारण)**

| क्र.सं. | बिषय | मिति | बिषय बिज्ञ |
|---|---|---|---|
| १ | राष्ट्रिय समावेशी आयोगले संविधानले परिकल्पना गरेबमोजिमको काम गर्न सक्यो सकेन भन्ने बिषयमा | २०८३/०१/२२ | डा. काशीनाथ दाहाल<br>डा. रामकृष्ण तिमिल्सेना |
| २ | समावेशीकरणका विषयमा | २०८३/०३/०२ | डा. खिमलाल देवकोटा<br>डा. दिव्या दवाडी |

## १०. प्रमुख, सूचना अधिकारी र लैङ्गिक सम्पर्क व्यक्तिको नाम र पद

प्रमुखः सचिव बिनोद बहादुर कुँवर

उपसचिव - श्री सुशिला कुमारी पंथ

सूचना अधिकारीः शाखा अधिकृत - श्री देउ कुमार लावती

लैङ्गिक सम्पर्क व्यक्तिः शाखा अधिकृत - श्री तेजनारायण तिवारी

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- नेपालको संविधान,
- राष्ट्रिय समावेशी आयोग ऐन, २०७४
- राष्ट्रिय समावेशी आयोगका बैठक संचालन सम्बन्धी कार्यविधि, २०७५
- राष्ट्रिय समावेशी आयोगका पदाधिकारी र कर्मचारीको आचारसंहिता, २०७५
- राष्ट्रिय समावेशी आयोगको आन्तरिक व्यवस्थापन, नियन्त्रण तथा सञ्चालन कार्यविधि, २०७८
- राष्ट्रिय समावेशी आयोग नियमावली, २०७९

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

बजेट रकम (रु लाखमा)

| क्र.सं. | बजेट उप शिर्षक | बजेट शिर्षक | वार्षिक बजेट विनियोजन | आ.व. २०८२।८३ को चौथो त्रैमासिक सम्मको खर्च | आ.व. २०८२।८३ को चौथो त्रैमासिक सम्मको खर्च (प्रतिस्त मा) | कैफियत/खर्च प्रतिशत जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २२६०००११३ | - | ३३२.०० | २३५.७३ | ७१.० | चालु |
| २ | २२६००००१३ | - | ८२.५५ | ५०.५४ | ६१.२ | |
| ३ | २२६०००११४ | - | २७.०० | १८.५३ | ६८.६ | पुंजिगत |
| जम्मा | | | ४४१.५५ | ३०४.९१ | ६९.० | |

## १३. अघिल्लो आर्थिक वर्षमा सम्पन्न भएका कार्यक्रम वा आयोजना सञ्चालन सम्बन्धी विवरण :

- स्थानीय पहुँच कार्यक्रम
- गोष्ठि तथा सेमिनारसँग सम्बन्धित विभिन्न कार्यक्रमहरू,

- विभिन्न विषयमा अध्ययन, अनुसन्धान सम्बन्धी कामहरू,
- विभिन्न स्थानीय तहमा लक्षित वर्गको हक कार्यान्वयनको विषयमा अनुगमन ।

## १४. आयोगको सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण : नभएको।

## १५. आयोगले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण : नभएको

## १६. आयोगको प्रगति प्रतिवेदन

| क्र.सं. | कामको विवरण | प्रगतिको अवस्था(परिमाणात्मक प्रगति खुलाउन मिल्ने भए खुलाउने) | कैफियत |
|---|---|---|---|
| १ | तालिम तथा गोष्ठी | आयोगका कर्मचारीलाई क्षमता विकास सम्बन्धी तालिम सञ्चालन गरिएको। | |
| २ | अनुगमन | आयोगका पदाधिकारी ज्यूबाट अनुगमन भएको<br>• माननीय अध्यक्षज्यू माननीय पुष्पराज तिमिल्सिनाज्यू र माननीय मान प्रसाद खत्रीज्यूबाट नुवाकोट र धादिङ जिल्लाका ५ स्थानिय पालीकामा अनुगमन। | |
| ३ | अध्ययन | परामर्शदाता विज्ञबाट देहाय बमोजिमको अध्ययन कार्य सम्पन्न भई प्रतिवेदन प्राप्त भएको ।<br>• आर्थिक रुपले विपन्न वर्गको पहिचानको आधार र मापदण्ड सम्बन्धी अध्ययन<br>• ज्येष्ठ नागरिकको वर्गीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी विद्यमान व्यवस्थाको पुनरावलोकन सम्बन्धी अध्ययन<br>• नेपालमा खस आर्यको संस्कृति संरक्षण सम्बन्धी अध्ययन<br>• पिछडिएको क्षेत्रको आर्थिक सम्भाव्यता, सभ्यता र कला संस्कृति सम्बन्धी अध्ययन<br>• नेपालमा यौनिक अल्पसंख्यकको विद्यमान अवस्था र सशक्तीकरणका उपायहरू पहिचान सम्बन्धी अध्ययन<br>• विशेष संरक्षण क्षेत्रका लागि आवश्यक मापदण्ड तथा आधार निर्धारण सम्बन्धी अध्ययन | |

## १७. आयोगको वेभसाइट सम्बन्धी विवरण

आयोगको वेवसाइट www.ninc.gov.np रहेको छ । उक्त वेवसाइटमा आयोगको परिचय, आयोगका पदाधिकारीहरुको परिचय, संगठन संरचना, ऐन, कानुन, वार्षिक प्रतिवेदन लगायतका विषयहरू र अन्य प्रकाशनहरु सूचीकृत गरिएको छ ।

## १८. विविध

आयोगका गतिविधिहरुका सम्बन्धमा जानकारी तथा सूचनाहरू आयोगको वेवसाइट www.ninc.gov.np बाट प्राप्त गर्न सकिने छ ।



आयोगको सम्पर्क:

श्रीमहल, पुल्चोक, ललितपुर

फोन नं. ०१–५४५५२३७, ०१–५४५५२३६, ०१–५४५५३०८

इमेलः info@ninc.gov.np

अनुसुची–१




पुनश्च :

१. आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि कायम रहँदासम्म आवश्यक पर्ने निजी सहायकहरु (रा.प.अन. प्रथम श्रेणी सरहको) प्रत्येक पदाधिकारी/सदस्यहरु लाई १ (एक) जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपुर्ती गर्न सकिनेछ ।

२. आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि कायम रहँदासम्म आवश्यक पर्ने हलुका सवारी चालक (श्रेणी विहिन) प्रत्येक पदाधिकारी/सदस्यहरु लाई १ (एक) जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपुर्ती गर्न सकिनेछ ।

३. आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि कायम रहँदासम्म आवश्यक पर्ने कार्यालय सहयोगी (श्रेणी विहिन) २ (दुई) जना सदस्यहरु लाई १ (एक) जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपुर्ती गर्न सकिनेछ ।स्वीपर १ जनाको लागि बजेट व्यवस्था गरी सेवा करारबाट कार्य सञ्चालन गर्न सकिनेछ ।